# बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## गणक पदपुर्ति सम्बन्धी सूचना ।

***प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/१६***

भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार काठमाडौको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस बान्नीगढी जयगढ गाउँपालिकालाई हस्तारन्तण भएको सशर्त अनुदान अन्तर्गत गरिब परिवार पहिचान एवम व्यवस्थापन सूचना प्रणालीमा (Poor Household Management Information System-PHMIS) यस गाउँपालिकाको सम्पूर्ण परिवारको तथ्याङक सङ्कलन गर्नको लागि गरिव परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९ को अधिनमा रही देहाय बमोजिमको योग्यता पुगेका बान्नीगढी जयगढ गाउँपालिका भित्रका ईच्छुक नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय:**

| क्र.स. | विज्ञापन नं. | पद | सेवा/समूह | तह | संख्या | विज्ञापनको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ०१. | १०/२०८२/०८३ | तथ्याङक संकलनकर्ता गणक | | | ४ (चार) जना | खुला | ४००।- |

१. **आवेदन फाराम बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय अथवा गाउँपालिकाको वेबसाईट Website: www.bannigadhijaygadhmun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।**

२. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

(क) व्यक्तिगत निवेदन ।

(ख) नेपाली नागरिकताको छाँयाप्रति ।

(ग) पासपोर्ट साईजको फोटो थान-२

(घ) न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रको छायाप्रति ।

३. **न्युनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएको ।

४. **कम्प्युटर सफ्टवेयर चलाउन जान्ने, मोबाइलमा युनिकोड टाइप गर्न सक्ने, एन्ड्रोइड फोन भएको र यस गाउँपालिकाको स्थायी बसोबास भएको ।**

५. **उमेर हद:** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ । साथै महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

६. **कार्यक्षेत्र:** बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुमा ।

७. **सेवा सुविधा:** प्रति घरधुरी तथ्याङ्क संकलन गरेवापत रु.७५/- रुपैयाँ, सञ्चार खर्च एकमुष्ठ रु.७००।– र तथ्याङ्क संकलन भएको दिनको यातायात तथा खाजा वापत रु.२००/- रुपैयाँ ।

८. **दस्तुर बुझाउने विधि:** यस कार्यालयको राजश्व शाखामा वुझाउनु पर्नेछ वा बान्नीगढी जयगढ गाउँपालिकाको हिमालयन बैङ्क, जयगढ शाखामा रहेको आन्तरिक राजश्व BANNIGADHI GA-1-1 ANTARIK RAJASWO खाता नं. 12051561540119 मा बुझाएको सक्कल बैंक भौचर कार्यालयमा पेश गर्नुपर्ने छ ।

९. **आवेदन बुझाउने स्थान:** बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय ।

१०. **आवेदन बुझाउने अन्तिम मिति:** २०८२/१२/२२ गते कार्यालय समयभित्र सम्म ।

११. **छनौटको किसिम:** अन्तर्वार्ता र प्रयोगात्मक ।

१२. **परीक्षा हुने मिति:** आवेदन दिने अन्तिम मिति पश्चात तय गरिनेछ ।

१३. **करार अवधि:** करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

२०८२/१२/१६

झनक रेग्मी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

***नोट:*** *रीतपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन । थप जानकारीको लागि प्रशासन शाखा प्रमुखको सम्पर्क नं. 9847802273 मा सम्पर्क गर्न सकिनेछ ।*